स्थानीय सरकार
हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.स:- २०८१/८२(पशु सेवा शाखा)
च.नं:-

**प्रथम पटक सूचना प्रकाशित– २०८१/०८/२७**

## पशु सेवा कार्यक्रममा आवेदन/प्रस्ताव आवाहन सम्बन्धि सूचना

हेलम्बु गाउँपालिका पशु सेवा शाखाको आ.व. २०८१/८२ को वार्षिक स्विकृत कार्यक्रम अनुसार देहाय अनुसारको कार्यक्रम संञ्चालनको लागि इच्छुक मापदण्ड पुगेका कृषक/कृषि फर्म/कृषि सहकारी र पशुपालन समूहले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०८१/०९/११ गते) कार्यालय समयभित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी हेलम्बु गाउँपालिकाको पशु सेवा शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

राजुभाइ श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

<u>तपसिल</u>

| क्र. स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | आवेदक | कैफियत |
|---|---|---|---|---|
| १. | पर्यटन प्रवर्द्धनका लागि चौंरी र भिमो हेरालु। | १०० | चौंरी पालक कृषक समूह, पशुपालन समूह/ सहकारी तथा /चौंरी पालक फर्म | संख्या-१ |
| २. | होलिस्टेन जातको वहर वितरण । | ८० | कृषक/कृषि फर्म/कृषि सहकारी र पशुपालन समूह | निवेदन र नागरिकताको प्रतिलिपी मात्र वडा कार्यालयको सिफारिस पत्र तथा विड्रिङ कार्यमा सेवा पुऱ्याएको हुनुपर्नेछ। |

राजुभाइ श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३. | हेलम्बु वोधिसत्व मोडेल स्कुलमा वाल पोषणका लागि दुहुना गाई र अण्डा दिने कुखुरा पालन संञ्चालन तथा व्यवस्थापन २ जना हेरालु सहित । | १०० | टोल विकास समिति, सम्बन्धित विधालय, कृषि सहकारी संस्था । | |
| ४. | विमित पशुधनीलाई सुत्केरी पशुलाई क्याल्सियम वितरण । | १०० | सम्न्धित कृषकको निवेदन | विमालेख कागजात |
| ५. | सिरोही जातको वोका वितरण | ५० | कृषक/वाखा फर्म/कृषि सहकारी र पशुपालन समूह | गत आ.व.मा सोहि प्रकृतीका अनुदान प्राप्त निवेदकले यस कार्यक्रममा समावेश गराइने छैन । |

**आवश्यक कागजातहरु**

१. रु १०।- को हुलाक टिकट टाँसी निवेदन पत्र ।

२. आवेदक व्यक्तिको नागरिकताको प्रतिलिपी ।

३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

४. कृषक/समूह /पशु फर्म/ सहकारी दर्ता/ नविकरणको प्रमाणपत्र, PAN दर्ता र करचुक्ता प्रतिलिपी ।

५. कृषक/ समुह वा संस्थाको हकमा कार्यसमितिको निर्णय प्रतिलपी ।

६. कृषक/समूह /कृषि फर्म/ सहकारी/निजी संस्थाका सदस्यहरुको नामावली ।

७. व्यवसाय रहेको स्थानको लालपूर्जाको प्रतिलिपी वा कम्तिमा ५ वर्षको भाडा सम्झौता पत्र ।

८. व्यवसायिक कार्ययोजनाको विवरण र प्रतिवद्धता पत्र ।

निवेदन र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संञ्चालन प्रकृया यस हेलम्बु गाउँपालिकाको वेवसाईट website: www.helambumun.gov.np वाट डाउनडोल गर्न सकिने छ साथै सम्बन्धित गाउँ पालिकाको पशु सेवा शाखावाट पनि प्राप्त गर्न सकिने छ । अन्य थप जानकारीको लागि ९८५११८९१२५,९८६११०८७१५ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

राजुभाई श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत